नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०

चलानी नं.:- ९६

मिति:- २०७९/०५/१४

श्री स्थानीय तह (सबै)।

विषय:- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको च.नं. ३६ मिति २०७९/०४/२४ को हरवा चरवा वर्गको ऋण मोचन सम्बन्धी पत्र र कमैया मुक्ति घोषणको २२ वर्ष पुगेको अवसरमा कमैया श्रमिक "हरवा-चरण" को लागि सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको विशेष सन्देश आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

**बोधार्थ:**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा:-E-mail मार्फत जानकारी गराइदिनु हुन।

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना अनुगमन तथा मूल्यांकन महाशाखा)

नीति, योजना तथा कार्यक्रम शाखा

सिंहदरबार, काठमाडौं

पत्र संख्याः ३.१/नी.यो./२०७९/८०

च.नं. ३६

मितिः २०७९/०४/२४

विषयः हरवा चरवा वर्गको ऋण मोचन सम्बन्धमा ।

श्री गृह मन्त्रालय,

सिंहदरबार ।

प्रस्तुत बिषयमा कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन,२०५८ अनुसार कमैया, हलिया, कम्लहरी, हरवा चरवा लगायत सबै किसिमका कमैया श्रमहरु निषेध गरि सकिएको छ। कमैया श्रमिकको अवस्थाबाट स्वतन्त्र र मुक्त भैसकेको, ऋण मोचनको घोषणा भई सकेको व्यहोरा विदितै छ । यस सम्बन्धमा मिति २०७९/४/२ गतेका दिन सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यू द्वारा उक्त ऐनको व्यवस्था कडाईका साथ पालना गर्न र गराउन राज्यका सबै निकाय सरोकारवालाहरुलाई निर्देशन दिनु भएको छ ।सो निर्देशनको प्रतिलिपि पाना एक आवश्यक सहयोग र समन्वयका साथ निर्णय कार्यान्वयनका लागि यसै साथ संलग्न गरी पठाईएको छ ।

सो सम्बन्धमा हाल विभिन्न जिल्लाहरुमा मुक्त हरवा चरवाहरुलाई तत्कालीन समयमा दिइएको अवै ऋण असुली गर्ने, डर धम्की त्रास दिई सम्पत्ति कब्जा गर्ने लगायतका अवान्छित गतिविधि भैरहेको गुनासाह प्राप्त भएकोले तहाँ मातहत जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयहरुलाई यस विषय संवेदनशीलतालाई दृष्टिगत गरी तत्काल त्यस्तो किसिमको गतिविधी रोक्न, सो सम्वन्धी उजुरी, गुनासो भए अविलम्ब कारवाही गर्ने सम्बन्धमा आवश्यक निर्देशन गरिदिनु हुन मन्त्रालयको मिति २०७९/४/ गतेको मन्त्रीस्तरीय निर्णयानुसार अनुरोध छ ।

**बोधार्थः** (१) श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारः सादर अवगतार्थ ।

(२) श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवारः सम्बन्धित स्थानीय तहलाई प्रस्तुत विषयका सम्वन्धमा आवश्यक समन्वय, सहजीकरणका लागि अनुरोध छ

अनन्तराज ला

शाखा अ

इमेल ठेगानाः planning@molcpa.gov.np, Website: www.molcpa.gov

४२११६६६, ४२११७९७,

# कमैया मुक्ति घोषणाको २२ वर्ष पुगेको अवसरमा कमैया श्रमिक "हरवा-चरवा" को लागि सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको विशेष सन्देश

नेपालमा लामो समयसम्म सामाजिक कु-प्रथाको रूपमा रहेको कमैया प्रथालाई अन्त्य गर्ने गरी कमैया मुक्ति घोषणा भएको २२ वर्ष पुगेको अवसरमा म मुक्त कमैया, मुक्त हलिया लगायत सम्पूर्ण कमैया श्रमिकहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दै उहाँहरूको सुखी र सम्मानपूर्ण जीवन यापनको कामना गर्दछु।

कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ मार्फत हरवा चरवा लगायत सबै किसिमका कमैया श्रमिक परिवारहरूको मुक्ति, असमान श्रम सम्बन्ध र शोषणयुक्त प्रथाको अन्त्य तथा ऋण मोचन गरिसकिएको छ। यसका बाबजुद कहीं कतै कुनै बहानामा सो प्रथाको अवशेष बाँकी रहेको वा उक्त ऐनको पूर्ण कार्यान्वयन हुन नसकेको अवस्था रहेछ भने सो विषय कानूनको गम्भीर उल्लङ्घन भएको विषय हुने कुरा स्पष्ट पार्न चाहन्छु ।

अतः म आजकै मितिबाट पुनः एकपल्ट सो ऐनको पूर्ण कार्यान्वयन गर्न, गराउन सम्बन्धित सबै सरोकारवालाहरूको गम्भीर ध्यानाकर्षण गराउँछु। साथै, ऐनको व्यवस्थाको प्रभावकारी पालना भए नभएको सघन अनुगमन गर्न समेत सम्बन्धित मन्त्रालय र सो मातहतका निकायहरूलाई निर्देशन दिन चाहन्छु।

मुक्त हरवा-चरवा परिवारहरूको सामाजिक आर्थिक उन्नति र सम्मानजनक जीवन सुनिश्चित गर्नको लागि विशेष लक्षित कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारका सबै सम्बद्ध निकायहरूलाई आग्रह गर्दछु। यस कार्यमा आवश्यक सहयोग, समन्वय र सहकार्यको लागि प्रदेश सरकार र स्थानीय तहलाई समेत हार्दिक आह्वान गर्दछु।

# कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८

लालमोहर र प्रकाशन मिति
२०५८।११।९

प्रमाणीकरण र प्रकाशन मिति

संशोधन गर्ने ऐन

१. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ — २०६६।१०।७

२. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ — २०७२।६।१४

३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ — २०७२।११।१३

२०५८ सालको ऐन नं. २१

ꟷ.....................

कमैया श्रम (निषेध गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : कमैया श्रम निषेध गर्न, मुक्त कमैयालाई पुनर्स्थापना गर्न तथा सामाजिक न्यायको दृष्टिले मुक्त कमैयाको जीवनस्तर अभिवृद्धि गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कमैया श्रम" भन्नाले देहायका कारणबाट विना ज्याला वा न्यून ज्यालामा ऋणदाताको लागि गर्नु पर्ने श्रम वा सेवा सम्झनु पर्छ :-

(१) आफू वा आफ्नो परिवारले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नको लागि,

(२) पुर्खाले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नको लागि,

(३) ऋणदाता समक्ष कुनै कमैया श्रमिकको जमानी बसेकोमा त्यस्तो कमैया श्रमिकको कमैया ऋण चुक्ता गर्नको लागि।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको।

ꟷ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(ख) "कमैया श्रमिक" भन्नाले भैंसवार, गैवार, वर्दिकार, छेकरवार, हरुवा, चरुवा, हली, गोठालो, कमलरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनु पर्छ।

(ग) "कमैया ऋण" भन्नाले ऋणदाताबाट कमैया श्रमिकले लिएको नगदी, जिन्सी वा वस्तु सम्झनु पर्छ र सो शब्दले सौकी वा अन्य ऋण समतेलाई जनाउँछ।

(घ) "ऋणदाता" भन्नाले कमैया श्रमिकलाई ऋण प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ।

(ङ) "परिवार" भन्नाले बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा वा ➡.......... छोरी सम्झनु पर्छ र सो शब्दले घरको मुख्य भई काम गर्ने व्यक्ति नै कमैया श्रमिक भएकोमा निजका एकासगोलका अंशियार समेतलाई जनाउँछ।

(च) "मुक्त कमैया" भन्नाले दफा ३ बमोजिम मुक्त भएको कमैया श्रमिक सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ८ बमोजिम गठन भएको मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समिति सम्झनु पर्छ।

(ज) "कल्याणकारी अधिकृत" भन्नाले दफा १० बमोजिमको कल्याणकारी अधिकृत सम्झनु पर्छ।

(झ) "कोष" भन्नाले दफा १२ बमोजिमको कोष सम्झनु पर्छ।

(ञ) "कृषि श्रमिक" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको काम गर्ने व्यक्ति सम्झनु पर्छ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२

## कमैया श्रम निषेध सम्बन्धी व्यवस्था

३. कमैया श्रमिकबाट मुक्त हुने : यो ऐन प्रारम्भ हुँदाका बखत कमैया श्रमिकको रुपमा काम गरेको व्यक्ति यो ऐन प्रारम्भ भएपछि कमैया श्रमिकबाट स्वत: मुक्त हुनेछ।

४. कमैया श्रमिकको रुपमा काममा लगाउन नहुने : कसैले पनि यो ऐन प्रारम्भ भएपछि कसैलाई कमैया श्रमिकको रुपमा राख्न वा काममा लगाउन हुँदैन।

## परिच्छेद-३

## कमैया ऋण सम्बन्धी व्यवस्था

५. कमैया ऋण तिर्नु नपर्ने: कमैया श्रमिकले ऋणदातासँग लिएको कमैया ऋण यो ऐन प्रारम्भ भएपछि ऋणदातालाई तिर्नुपर्ने छैन।

६. लिखत वा सम्झौता रद्द हुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणदाता र कमैया श्रमिक बीच कमैया ऋण लिने दिने सम्बन्धमा भएको लिखत वा लिखित वा अलिखित सम्झौता यो ऐन प्रारम्भ भएपछि स्वत: रद्द हुनेछ।

---

➡ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको।

७. बन्धक वा जमानत लिएको सम्पत्ति फिर्ता गर्नु पर्ने : ऋणदाताले कमैया श्रमिकलाई कमैया ऋण दिंदा कुनै सम्पत्ति बन्धक वा जमानतमा लिएको भए यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र बन्धक वा जमानत लिएको सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद-४

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

८. समितिको गठन : (१) मुक्त कमैयालाई पुनर्स्थापना गर्ने सम्बन्धमा जिल्लास्तरमा काम गर्नको लागि नेपाल सरकारले तोकिदिएको जिल्लामा मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) ●जिल्ला समन्वय समितिको प्रमुख - अध्यक्ष

(ख) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य

(ग) जिल्ला शिक्षा कार्यालयको प्रमुख - सदस्य

(घ) जिल्ला प्रशासन कार्यालयको अधिकृत - सदस्य

(ङ) जिल्ला वन कार्यालयको प्रमुख - सदस्य

(च) जिल्ला भूमिसुधार कार्यालयको प्रमुख - सदस्य

(छ) श्रम कार्यालय रहेको जिल्लामा सो कार्यालयको प्रमुख - सदस्य

(ज) जिल्ला कृषि विकास कार्यालयको प्रमुख - सदस्य

(झ) जिल्लास्तरमा रहेका बैंकिङ्ग कार्यालयका प्रमुखहरुमध्येबाट एकजना - सदस्य

(ञ) जिल्लास्तरका किसान सम्बन्धी संघ, संगठनहरुमध्येबाट एकजना - सदस्य

(ट) ट्रेड यूनियन सम्बन्धी संघ संस्थाहरुमध्येबाट बढीमा तीनजना - सदस्य

(ठ) कमैया श्रमिक सम्बन्धमा काम गरेका गैर सरकारी संस्थाहरुमध्येबाट एकजना - सदस्य

(ड) मुक्त कमैयाहरुमध्येबाट एकजना - सदस्य

(ढ) कल्याणकारी अधिकृत - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (झ), (ञ), (ट), (ठ) र (ड) बमोजिमका सदस्यहरुको मनोनयन समितिको अध्यक्षले गर्नेछ र निजहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मुक्त, कमैयाको अभिलेख अद्यावधिक बनाउन लगाउने,

---

● केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।